मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गाँजासहित हेटौंडाबाट एक जना पक्राउ

हेटौंडा, १९ वैशाख/पूर्व-पश्चिम सडकखण्ड अन्तरगत पर्ने मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट प्रहरीले अवैध लागूऔषध गाँजासहित बुधबार बिहान एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कैलाश गाउँपालिका-१० बस्ने ४० वर्षीय पाल्साङ मोक्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनलाई करिब ५ किलो लागूऔषध गाँजासहित प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना.५ ख ५२६७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त परिमाणको गाँजासहित पक्राउ गरेको जनाइएको छ । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाएको छ ।

# बागमतीको १३ हजार हेक्टर वन क्षेत्रमा डढेलो

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ बागमती प्रदेशभर चैत मसान्तसम्म १३ हजार हेक्टर भन्दा बढी क्षेत्रफलमा वन डढेलो लागेको छ ।

१३ हजार ५०० हेक्टर भन्दा बढी क्षेत्रफलमा वन डढेलो लागेको वन तथा वातावरण मन्त्रालयका सचिव धिरेन्द्र कुमार प्रधानले जानकारी दिए । उनका अनुसार वन डढेलो निभाउने क्रममा धादिङ र रामेछाप जिल्लामा एक एक जना गरी दुई जनाको मृत्यु समेत भइसकेको छ । साना बोटबिरुवा र केही रुखहरुको नोक्सानी भएको छ । वर्षेनी डढेलोले ठूलो मात्रामा वनको क्षति हुने गरेको छ ।



डढेलो नियन्त्रणका विभिन्न प्रयास भए पनि वनमा आगलागी भने रोकिन सकेको छैन । वर्षेनी गर्मीयाममा वनमा डढेलो लाग्ने क्रम घट्नुको साटो बढ्दै गएको देखिन्छ । चैतपछि सुक्खा बढ्ने हुनाले जेठ महिनासम्म प्रत्येक वर्ष वनजंगल डढेलोका घटना बढ्ने गरेका छन् ।

डढेलोका कारण प्रदेशमा चिरान काठसहित खानेपानी पाइपदेखि धेरै सम्पत्तिको क्षति, जंगली जनावरको पनि आगलागीका कारण मृत्यु हुने गरेको छ । रामेछाप जिल्लामा वन डढेलो बस्तीमा पस्दा एकघर र २९ वटा गोठ नष्ट भई एक सय एक वटा पशु चौपाया क्षति हुँदा करिब डेढ करोड रुपैया बराबरको क्षति भएको छ ।

सिन्धुपाल्चोक जिल्लामा वन डढेलो लगाई क्षति पुऱ्याउने व्यक्तिलाई पक्राउ गरी मुद्दा दायर पनि गरिएको छ । मध्य वैशाखलाई डढेलोको उच्च जोखिमको समय मानिन्छ । यो समयमा डढेलो धेरै लाग्ने गरेको छ । वर्षा नभए जेठसम्म डढेलोको जोखिम रहन्छ । डढेलोले वन विनाश मात्रै नभई धनजनको समेत क्षति हुने गरेको छ । लम्बिँदो खडेरीका कारण डढेलो नियन्त्रण बाहिर गइरहँदा वन र धनजनको क्षति धेरै हुने देखिन्छ ।

वन व्यवस्थापनको हिसाबले प्रदेशमा ४ हजार पाँच सय तीन वटा सामुदायिक वन, ३ हजार तीन सय ३७ वटा कबुलियती वन, ३९ वटा धार्मिक वन, २ वटा संरक्षित वन र पाँच सय ७९ वटा निजी वन रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार बागमती प्रदेशमा कूल क्षेत्रफलको ५१ दशमलव ५३ प्रतिशत वन र २ दशमलव २० प्रतिशत अन्यकाष्ठ तथा बुट्यान क्षेत्र गरी ५३ दशमलव ७३ प्रतिशत वनक्षेत्र रहेको छ । प्रदेशका १३ जिल्लामध्ये मकवानपुरमा सबैभन्दा बढी ६८ दशमलव १५ प्रतिशत र भक्तपुरमा सबैभन्दा कम २० दशमलव १० प्रतिशत वन क्षेत्र रहेको छ ।

गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो छिटो फैलने गरेको छ । वनजंगल, भिर पाखा र खरबारीमा हुने अनियन्त्रित आगलागीले वन क्षेत्रमा मात्र नभई नजिककै बस्तीलाई समेत असर पारिरहेको छ । मानवीय कारणले नै डढेलो लाग्ने गरेको छ । आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछन् भनेर व्यक्तिले जानाजानी आगो लगाउँदा त्यसले अनियन्त्रित भई डढेलोको रुप लिने गरेको छ । डढेलोले माटाको प्राङ्गारिक तत्व नष्ट हुने, वन्यजन्तुको बासस्थान नासिने लगायतका समस्या निम्तिने गरेको छ ।

बागमती प्रदेश अन्तर्गत चितवन, राप्ती, मकवानपुर, मरिण, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, काभ्रे, काठमाडौं, भक्तपुर, ललितपुर, र सुवा, नुवाकोट र धादिङ डिभिजन कार्यालय रहेको छ । वन निर्देशनालय हेटौंडा मातहत १५ वटा डिभिजन वन कार्यालय र ७ वटा भू-तथा जलाधार व्यवस्थापन कार्यालय रहेको छ ।

# पत्रकार महासंघको साधारणसभा, दुई जना पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ नेपाल पत्रकार महासंघ मकवानपुरको १८ औं साधारणसभा तथा १२ औं अधिवेशन बुधवार हेटौंडामा आयोजना भएको छ ।

हेटौंडा उपमहानगर पालिकाकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता तथा महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतमको सभाध्यक्षतामा साधारणसभा र अधिवेशन भएको हो । मेयर लामाले राष्ट्रको स्वाधिनता, राष्ट्रियता र मानव अधिकारको प्रत्याभूति तुल्याउन व्यवसायिक पत्रकारिता क्षेत्रलाई अब जवाफदेही बनाउनु पर्नेमा जोड दिएकी छन् । स्थानीय निकायले गर्दै आएको आफ्नो भूमिकालाई अझ प्रभावकारी ढंगबाट जनहितमा परिचालन गर्न पत्रकार महासंघको सुझाव र सल्लाह स्थानीय निकायलाई आवश्यक रहेको उनको भनाइ छ ।

मेयर लामाले संचार कर्मीहरुले जिल्लामा रहँदा स्थानीय निकायमा रहेको पर्यटन, धार्मिक स्थल, खानेपानी, स्वास्थ्य उपचार सेवालगायत दलित बस्तीमा भइरहेका विभेदहरुलाई संचारमाध्यमहरुले समाचारलाई प्राथमिकता दिँदा ती क्षेत्रका जनताहरुले स्थानीय निकायबाट पाउने स्रोतसाधनबाट आत्मनिर्भर बन्ने अवसर प्राप्त गर्ने बताइन् ।



कार्यक्रममा पत्रकार महासंघको केन्द्रीय सचिव श्रृजना अर्याल, महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, पत्रकार महासंघ बागमतीका अध्यक्ष शिव प्रसाद देवकोटा, प्रेस चौतारी मकवानपुर का अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारी, प्रेस सेन्टर मकवानपुरको अध्यक्ष अञ्जली थापा, एकीकृत समाजवादी पार्टी निकट पत्रकार संघ अध्यक्ष शिव चौलागाईंलगायत पत्रकार महासंघका पूर्वअध्यक्षहरु र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

साधारणसभाको बन्द सत्रमा महासंघका सचिव शुभलक्ष्मी विश्वकर्माले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष केशव सर्मपण सुबेदीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदन सर्वसम्मतीले पारित भएको छ । साधारणसभाबाट ज्येष्ठ पत्रकार पेन्सन कोषलाई संशोधन गर्ने निर्णय पनि भएको छ ।

महासंघको विधानमा व्यवस्था भएअनुसार साधारणसभा भएको ३० दिनभित्र अधिवेशन अन्तर्गत् निर्वाचनबाट नयाँ कार्यसमिति चयन हुने व्यवस्था छ । २१ वैशाखमा काठमाडौंमा महासंघ केन्द्रको साधारणसभा रहेको र केन्द्रीय समितिले हालसम्म निर्वाचन कार्यक्रम घोषणा गरिसकेको छैन । महासंघमा प्रत्यक्ष निर्वाचन प्रणालीअनुसार जिल्ला, प्रदेश र केन्द्रको एकैपटक निर्वाचन हुनेछ ।

**मकवानपुरका दुई पत्रकारलाई पुरस्कार प्रदान**

पत्रकार महासंघ मकवानपुरले जिल्लामा कार्यरत दुई जना पत्रकारलाई पुरस्कार प्रदान गरेको छ । पत्रकारद्वय सरिता दाहाल र नवराज शर्मा तिमल्सिना महासंघबाट पुरस्कृत भएका हुन् ।

महासंघ मकवानपुरका संस्थापक अध्यक्ष न्हुच्छेमान श्रेष्ठ स्मृति पुरस्कारबाट दाहाललाई र बोर्नबहादुर र पार्वती राउत स्मृति पुरस्कारबाट तिमल्सिनालाई जनही ५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित प्रसंशापत्र प्रदान गरिएको हो ।

उनीहरुलाई कार्यक्रमको प्रमुख अतिथि हेटौंडा उपमहानगर पालिकाकी मेयर मिनाकुमारी लामा र विशेष अतिथि पत्रकार महासंघको केन्द्रीय सचिव श्रृजना अर्यालले संयुक्त रुपमा पुरस्कार हस्तान्तरण गरेका हुन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# गर्मी बढेसँगै स्वास्थ्य संस्थामा बिरामीको चाप

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ हेटौंडा अस्पताल र मकवानपुरका स्वास्थ्य संस्थाहरुमा गर्मी बढेसँगै बिरामीको चाप छ । हेटौंडा अस्पतालको आकस्मिक कक्ष र ओपीडीमा समेत बिरामीको चाप बढेको हो ।

गर्मी अत्यधिक बढेसंगै मकवानपुरको दश वटै स्थानीय तहका हेल्थपोष्ट लगायतका निजी मेडिकलहरुमा समेत बिरामीको निकै चाप बढेको छ ।

गर्मीको समयमा झाडा पखाला, ज्वरो लगायतका बिरामीहरु धेरै आउने गरेका छन् । जलवायु परिवर्तनका कारण तातो हावा चल्ने, वायु प्रदूषण हुने, उच्च तापक्रम हुने जस्ता समस्या समेत देखिएका छन् ।

गर्मी र वायु प्रदूषणका कारण मुटु तथा रक्तनली, फोक्सो, मस्तिष्क, आँखा, नाक, कान र घाँटी आदिमा असर पुऱ्याएको स्वास्थ्यकर्मीहरु बताउँछन् । गर्मीका कारण झाडापखाला हुने, पेट दुख्ने, छाला चिलाउने, आँखा पाक्नेजस्ता समस्या देखिएको छ ।

गर्मीका कारणले देखिने झाडापखाला, ज्वरो, पेट दुख्नेजस्ता समस्याबाट जोगिन तातो हावा लागेको समयमा अनावश्यक बाहिर हिँडडुल नगर्न तथा झोल पदार्थहरू पर्याप्त मात्रामा सेवन गर्न र गराउन बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ ।

बासी, जंग फुड, बाहिरको खाना नखान स्वास्थ्यकर्मीहरुको आग्रह छ । गर्मीमा पाँच वर्ष मुनिका बालबालिका, गर्भवती, दीर्घ रोगी र वृद्धवृद्धाहरुलाई उच्च जोखिम हुने भएकाले यी समूहका व्यक्तिलाई विशेष ध्यान दिन हेटौंडा अस्पतालका डाक्टरहरुको सुझाव छ ।

यस्तै, वायु प्रदूषणबाट जोगिनका लागि बाहिर यात्रा गर्दा अनिवार्य मास्क लगाउने, सकेसम्म अनावश्यक रुपमा घर बाहिर ननिस्कने, यात्रा नगर्ने, अत्यधिक प्रदूषित क्षेत्रहरुबाट टाढा रहन मन्त्रालयले आग्रह गरेको छ ।

# जन्मदिनको अबसरमा विद्यार्थीलाई पोशाक

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ थाहा नगरपालिका वडा नम्बर ३ निवासी सुशान्त गोपालीले आफ्नो जन्मदिनको अवसरमा विद्यार्थीलाई पोशाक सहयोग गरेका छन् ।

थाहा नगरपालिका वडा नम्बर-२ फेदीगाउँको घाटदेवी आधारभुत विद्यालयका जेहेन्दार ५ विद्यार्थीहरुलाई विद्यालय पोशाक सिलाउने ज्यालासहित सहयोग गरेका छन् । सो अवसरमा पालुङ जेसीजले शैक्षिक सामाग्री समेत वितरण गरेको थियो । पालुङ जेसीज वर्ष २०२४ का जनसम्पर्क अधिकारी समेत रेहका गोपालीले १८ वैशाखमा विद्यालयमै पुगेर शैक्षिक सामाग्री प्रदान गरेको हो । कार्यक्रममा गोपालीसहित पालुङ जेसीजको पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो । वडा नम्बर २ का वडना सदस्य अर्जुन कार्कीको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बीरबहादुर तामाङको विशिष्ट आतिथ्यतामा विद्यालयका प्रधानाध्यापक दिपक कार्कीलाई सामाग्री हस्तान्तरण गरिएको थियो । हस्तान्तरण कार्यक्रममा पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझी, महासचिव बिक्रम गोपालीलगायत जेसीज पदाधिकारी तथा विद्यालयका शिक्षक विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats



HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
057-525548 057-525547 057-523547
Hurry Up !
Seats are limited
Book your seat on time
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# आगलागीबाट जोगिने कसरी ?

दैनिक जीवनमा हामी आगोसँगको संसर्गमा हुन्छौं । आगोबिनाको जीवन कल्पनै गर्न सकिन्नँ । खाना पकाउन, न्यानो बनाउन आगो नै चाहिन्छ । आगोको उपयोगितालाई महत्व दिएरै होला अग्नि पूजा गर्ने परम्परा हाम्रो संस्कारमा छ । उद्योग कलकारखाना चलाउन पनि आगो चाहिन्छ । मानवीय जीवनलाई सुगम बनाउने आगोलाई राम्रोसँग व्यवस्थापन गर्न जानिएन भने बहुउपयोगी आगो विध्वंशको कारक बन्छ । दिनुहुँ कतै न कतै आगलागी भएकै हुन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बुलेटिनमा आगलागीको घटना नभएको दिन पाउन दुर्लभ छ । आगो ताप्दा वा खाना पकाउँदा आगोले पोलेर ज्यान जाने, गम्भीर घाइते हुने घटना पनि उत्तिकै छन् । बालबालिका र भान्सामा काम गर्ने मानिस आगोको जोखिममा बढी छन् । आगलागी हुने वा आगो प्रयोग गर्दा विभिन्न दुर्घटना हुने अनेक कारण छन् । नेपालमा आगलागीको जोखिम कम गर्ने एवम् आगो निभाउने प्रविधि, उपकरण र जनशक्ति कम छन् ।

मध्य पहाडतिरका घरमा तल्लो तलामा गाईभैंसी बाँध्ने र माथिल्लो तलामा मान्छे बस्ने चलन छ । खरले छाएको गोठ/घरमा खाना पकाउँदा आगोले छानो टिपेर आगलागी भएका अनेकौं उदाहरण छन् । आगो नियन्त्रण गर्न नसक्दा घर/गोठमा रहेका सरसमानका साथै पशुपन्छीसमेत जलेर मर्ने गरेका छन् । आगो निभाउने प्रविधि र जनशक्ति नहुँदा समयमै आगो निभाउन सकिएको छैन । गोठको भुइँतलामा एक छेउमा कोठा निकालेर त्यस कोठामा चुलो बनाएर पकाउने चलनले गोठमा हुने आगलागी निकै कम भएका छन् । खरको छानोलाई जस्तापाताले विस्थापित गर्नु आगलागीको जोखिम कम गर्ने एउटा उपाय हो । सरकारले खर र फुसको छाना जस्तापाताले विस्थापन गर्ने रणनीति लिएपछि आगलागीको जोखिम कम भएको छ । साथै, आगलागीको जोखिम कम गर्ने वा आगलागी भइहाले तुरुन्तै निभाउन सकिने उपाय अवलम्बन गर्न जरुरी छ ।

गाउँबस्तीमा आगोको जोखिम कम गर्ने उपाय अग्नि नियन्त्रणको उपयुक्त प्रविधि नै हो । बजारको साँघुरो बनौटले आगो फैलिने स्थिति हुन्छ भने मट्टितेल जस्ता तुरुन्तै आगोले टिप्ने सामग्री पसलमा भण्डारण गर्दा आगलागीको जोखिम बढ्छ । बजारका पसलमा राखिएका डिजेल, पेट्रोल, मट्टितेल, खाने तेल, घ्यू आगोले टिपेपछि निभाउन सकिँदैन । त्यसैले असुरक्षित स्थानमा राखेर ती बस्तु बिक्री गर्नु हुँदैन । गुचुमुच्च परेका बस्तीमा आगलागीको जोखिम अधिक हुन्छ । हिजोआज बाटोको तलमाथि र दायाँबायाँ लहरै जोडेर घर बनाउने गरिएको छ । आगलागीका दृष्टिले यो ठूलो जोखिम निम्त्याउने कारक हो । बजार नजिकै पानीको जोहो गरेर, समुदायमा आगो नियन्त्रण तालिम दिएर पूर्वतयारी गर्नु राम्रो हुन्छ । चट्याङ्ग, हुरिबतास आदिका कारणले पनि आगलागी हुन सक्छ । हिउँद र सुक्खायाममा आगलागीको जोखिम बढी हुन्छ । प्रतिकूल मौसम जस्ता प्राकृतिक कारण हुने आगलागीबाट कैयौंको ज्यान जान्छ । घाइते भएर जीवनभर दुःख पाउनुपर्ने हुन्छ । सानो असावधानीले करोडौंको धनमाल नष्ट हुन्छ । त्यसैले आगलागीको जोखिम कम गर्न सरकारी, निजी क्षेत्र तथा समुदायले अनवरत प्रयत्न गर्नु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २१ गते शुक्रबार ३ मे २०२४ । दशमी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:३८ । अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# प्रशासनमा व्याप्त संक्रामक रोग र निदान



✍ सागर पण्डित

भन्नै पर्ने हुन्छ, नेपालको सार्वजनिक प्रशासन विभिन्न खाले संक्रामक रोगले ग्रसित हुँदै आइरहेको छ । उनीहरुका स्वार्थहरु पूरा हुन पाउँदैनन् । सरकारी साधन, स्रोत र संयन्त्रको प्रयोग गरी लुटतन्त्र मच्चाउन राजनीतिक नेतृत्वलाई निकै कठिन हुन्छ ।

त्यसैले पनि उनीहरु प्रशासनलाई कमजोर, निम्सरो र रोगी बनाउन चाहन्छन् । तर विडम्बना, हाम्रो प्रशासनको नेतृत्वदायी भूमिकामा रहनेहरुले राजनीतिक नेतृत्वबाट प्रशासनलाई रोगी र पंगु बनाउने काम भइरहेको छ भन्ने कुरा बुझ्न सकेका छैनन् या बुझ्न पचाइरहेका छन् भन्ने कुरा नै अचम्म लाग्दो छ । प्रशासनलाई हस्तक्षेप गरी पंगु बनाउने राजनीतिक नेतृत्वको चरित्र र त्यसलाई मुकाबिला गर्न नसक्ने स्वार्थी र लोभी प्रशासकहरुको चरित्रका कारण नेपाली प्रशासनमा विभिन्न रोगका संक्रमणहरु देखिँदै आएका छन् ।

विशेष गरी नेपाली प्रशासन यन्त्रलाई नातावाद, कृपावाद र फरियावादमा सञ्चालन हुने गरेको आरोप लाग्दै आइरहेको छ । यसै गरी कर्मचारी क्षेत्र अत्यधिक लोभी, लालची, स्वार्थी, आफूभन्दा माथिकालाई ढोग्ने तर तलकालाई भुसुनाजति पनि नमान्ने प्रवृत्ति, सामन्तीपन, दलवाद , ढिलोपन, जुम्सो, अर्काको टाउकोमा जिम्मेवारी पन्छाउने, मनसाय राखी राय दिने र निष्पक्षता कायम गर्न नसक्ने, अत्यधिक मिटिङमा व्यस्त तर उपलब्धि शून्य, एकतर्फी सञ्चार प्रक्रिया, अत्यधिक अपारदर्शी, सिर्जनशीलता देखी नसहने, उत्साह दिनेभन्दा दबाउने प्रवृत्ति अत्यधिक, अङ्कुठे शैली, ओठे जवाफ दिनेजस्ता आरोप नेपाली कर्मचारीतन्त्रले खेप्दै आइरहेको छ । यस्ता चरित्रका कारण पनि प्रशासन क्षेत्र जनताको दृष्टिमा बद्नाम भइरहेको हो भन्दा अत्युक्ति नहोला ।

कर्मचारीमा देखिएका यस्ता प्रवृत्तिले नै सिंगो प्रशासन क्षेत्रलाई संक्रामक बनाएको छ । लामो समयदेखि यस्ता प्रशासनिक रोगले मुलुकको विकास, सुशासन र समृद्धिमा अवरोध सिर्जना गरिरहेको तथ्य जगजाहेर नै छ । यद्यपि प्रशासनमा देखिएका यस्ता रोगहरु सामाजिक तथा राजनीतिक क्षेत्रमा रहेका अन्य विद्यमान विकृति-विसंगतिको पनि उपज हो । त्यसैले प्रशासनमा मात्रै उपचार खोजेर यहाँ रहेका विकृति, विसंगतिलाई अन्त्य गर्न भने पक्कै पनि सकिँदैन । प्रशासनमा देखिएका रोगहरु हटाउन रणनीतिक उपचार आवश्यक पर्दछ । यसका लागि कार्यशैली, संस्कार र सोचमा सुधार गर्नुपर्ने देखिन्छ ।

प्रशासनमा देखिएका यस्ता रोगहरुको निदान गर्न र उपचार थाल्न भने ढिलाइ भइसकेको छ । हाम्रो प्रशासनिक सुधारको लागि राजनीतिक स्वामित्व छैन । औपचारिकतामा मात्रै सीमित छ । प्रशासकहरुले पनि सुधारको आन्तरिकीकरण गर्न सकेका छैनन् । प्रशासन आफैंले आफ्नो उपचार गर्लाजस्तो देखिँदैन । यसको मुख्य कारण नै राजनीति र प्रशासनमा देखिएको चरम स्वार्थ र अवसरवाद हो । उनीहरु मिलेमतो गरेर स्वार्थपूर्तितर्फ मात्रै केन्द्रित हुने गरेका छन् ।

सार्वजनिक प्रशासनका आधारभूत मूल्य-मान्यताहरु संविधानमा नै उल्लेख छ । तर संविधानमा उल्लेख भएका अक्षरहरुको व्यवहारमा कार्यान्वयन गर्न राजनीतिक र प्रशासनिक दुवै नेतृत्वहरु नराम्ररी चुक्दै आइरहेका छन् । दुवैले आ-आफ्नो सीमा बिर्सने गरेको पाइन्छ । हामीकहाँ राजनीतिक नेतृत्वले कर्मचारी संयन्त्रमाथि पाएसम्म हस्तक्षेप गरी आफ्नो स्वार्थसिद्ध गर्ने गरेको छ । कर्मचारीले पनि आफ्नो सुरक्षा र आफ्नो फाइदाको लागि राजनीतिक संरक्षण लिने प्रवृत्ति व्यापक छ । प्रशासन संयन्त्रमा राजनीतिक हस्तक्षेप निम्त्याउने काम कर्मचारी आफैंले गरिरहेका छन् । अर्कोतर्फ राजनीतिले पनि जतिसुकै नियम कानुनका लक्ष्मणरेखा कोरेको भए पनि व्यावसायिक अभ्यासबाट असल आदत नबसेको हुनाले प्रशासनमा अनावश्यक हस्तक्षेप गर्ने, राम्रा र असलभन्दा पनि हाम्रा मान्छे खोज्ने प्रवृत्ति व्यापक छ । यस्ता खराब आचरण नरोकिँदासम्म र प्रशासनले पनि राजनीतिबाट हुने हस्तक्षेपको शालीनता र सभ्यपूर्वक प्रतिरोध नगर्दासम्म प्रशासनमा संक्रामक रोगहरु नष्ट हुने सम्भावना देखिँदैन । प्रशासनमा संक्रामक रोगहरु हुँदासम्म यसले जनतालाई अनुभूति दिने गरी राम्रो काम गर्न सक्दैन ।

कुनै बेला पंक्तिकारसँगको अन्तर्वार्ताका क्रममा लोक सेवा आयोगका तत्कालीन अध्यक्ष उमेशप्रसाद मैनालीले भनेको सन्दर्भ यहाँ उल्लेख गर्न सान्दर्भिक छ । मैनालीले भन्नुभएको थियो, 'नेपालमा राजनीतिक दलहरु अत्यधिक बद्नाम छन्, जनताको दृष्टिमा उनीहरु महाभ्रष्ट र अनैतिक छन् । जनताले राजनीतिक दलप्रति बढी आक्रोश पोख्ने गरेकाले प्रशासन बच्न सफल भएको हो । वास्तवमा नेपाली प्रशासन पनि राजनीतिक दलभन्दा कमचाहिँ छैन । तर राजनीतिक नेतृत्वप्रति बढी आक्रोश हुने भएकाले जनस्तरमा कर्मचारीहरुको कम आलोचन भएको पाइन्छ ।' लोक सेवाका तत्कालीन अध्यक्ष मैनालीले भनेजस्तै बढी खराब राजनीतिक नेतृत्व नै हुन् । उनीहरुकै अक्षमता, भ्रष्ट चरित्र, अपार दर्शिताका कारण त्यसको प्रभाव यहाँको प्रशासन यन्त्रमा परेको हो । यद्यपि प्रशासन भनेको स्थायी सरकार हो भने राजनीतिक नेतृत्वबाट चुनिएर आउने सरकार अस्थायी प्रकृतिको हो । प्रशासनमा आउनेहरु कम्तीमा ३०-३५ वर्षसम्म यो संयन्त्रभित्र रहेर काम गरिरहेका हुन्छन् तर विभिन्न दलबाट चुनिएर आएकाहरुको शासन छोटो हुने गरेको छ ।

हुन त मुख्य नेतृत्वकर्ता राजनीतिबाट चुनिएर आएका हुन्, उनीहरुले ल्याउने नीति, योजना र कार्यक्रमको कार्यान्वयन गर्ने पक्ष भनेको प्रशासन तथा कर्मचारी संयन्त्र हो । राजनीतिक नेतृत्वको नीति तथा कार्यक्रम सफल तथा असफल के बनाउने भन्ने भूमिका प्रशासनमा रहेका कर्मचारीवर्गकै हो । प्रशासन संयन्त्रले जिम्मेवारी लिएर र अहोरात्र खटिएर सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयन गरिदिन सक्यो भने राजनीतिक नेतृत्व पनि जनताको दृष्टिमा सफल कहलिन सक्छ । तर प्रशासनिक तहबाट सरकारको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुने र सेवा प्रवाह पनि चुस्त-दुरुस्त किसिमले हुन नसक्दा आमनागरिकमा राजनीतिक नेतृत्वप्रति वितृष्णा जागेको अवस्था विद्यमान छ ।

देशलाई समृद्ध बनाउने मुख्य भूमिकामा रहेको राजनीति र प्रशासन दुवैमा आमूल सुधार नहुँदासम्म मुलुक सधैं समस्याग्रस्त रहन्छ र नागरिकले विभिन्न किसिमका दुःख पाइरहन्छन् । राजनीतिक नेतृत्वले यो महत्वपूर्ण विषयलाई गम्भीरतापूर्वक लिन सकेको छैन । राजनीतिक नेतृत्वले प्रशासनलाई कामयावी, सबल, याक्सन ओरेन्टेड र निष्पक्ष बनाउन सके मात्रै सरकारको नीति तथा कार्यक्रम र बजेटको सशक्त कार्यान्वयन हुन सक्छ भन्ने कुरा राम्ररी बुझ्न सक्नुपर्छ । सो कुरा बुझेर प्रशासनमा व्याप्त हस्तक्षेपलाई रोक्न सक्न हो र प्रशासनलाई स्वतन्त्रतापूर्वक काम गर्न दिने हो भने हामीकहाँ विकास, सुशासन र समृद्धि छिट्टै हासिल हुन सक्छ । त्यसैले अब यो अभियानमा ढिलाइ गर्नुहुँदैन । प्रशासनमा फैलिएको संक्रामक रोगहरुको निदान अब राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वले समयमा नै खोज्न अत्यावश्यक छ । नत्र मुलुक फेलियर स्टेटको रुपमा भासिन सक्ने भय रहन्छ । सुशासन ऐन २०६४ मा मन्त्री र सचिवको काम र जिम्मेवारीका बारेमा प्रस्टरुपमा उल्लेख गरिएको छ ।

कति कुरा मन्त्रीको तहबाट गर्ने र कति कुरा सचिवको तहबाट गर्ने भन्ने कुरा सुशासन ऐनले नै स्पष्ट गरिदिएकाले सोही अनुसार दुवै पक्ष अघि बढ्नुपर्छ । यहाँ कहिलेकाहीं यी दुई पक्षमा विश्वासको चरम संकटसमेत पर्ने गरेको छ । राजनीतिक नेतृत्वले कहिलेकाहीं कर्मचारीलाई धम्क्याएर र तर्साएर काम लिने (ब्युरोक्रेट्स बेसिङ) अत्यन्तै खराब चरित्र देखाउने गर्छन् । केही समयअघि मात्रै एक बहालवाला सांसदले तत्कालीन वन तथा वातावरणमन्त्रीलाई साथ लिएर वन मन्त्रालयका सचिवलाई तर्साई आफ्नो स्वार्थअनुसारको काम गराएका थिए । तर यसरी सांसदले मन्त्री नै प्रयोग गरी सचिवलाई तर्साएर गलत काम गराउँदा पनि प्रधानमन्त्री र मुख्य सचिव मौन बसेका थिए । यस्ता गलत कार्यमा प्रधानमन्त्री र मुख्य सचिवले नबोल्ने हो भने आमकर्मचारीले सधैं त्रासको वातावरणमा काम गर्नुपर्ने हुन सक्छ । त्यसैले अभिभावकत्व लिएकाहरुले भावी दिनमा यस्तो कार्य हुन नदिन समयमा नै प्रणालीको विकास गराउन जरुरी छ ।

प्रशासन जतिसुकै संक्रामक रोगले ग्रसित भए पनि यसको विकल्प खोज्न सकिँदैन । तर प्रशासनमा व्याप्त ती रोगहरुको पहिचान गरी समयमा नै निवारण गरेर संक्रामक रोगविहीन, सक्षम, योग्य, इमानदार, नैतिक र पारदर्शी प्रशासन बनाउनु अहिलेको प्रशासनको उत्तम विकल्प हो । त्यसैले प्रशासनमा व्याप्त संक्रामक रोगहरुको निदान खोज्न ढिलाइ गर्नुहुँदैन । रोगको निदान खोजेर त्यस्ता संक्रमणहरु हटाई अबका प्रशासक तथा आमकर्मचारीहरु अन्तिमरुपमा जनताप्रति उत्तरदायी बन्नुपर्छ । उनीहरुको व्यवहार तथा निर्णय स्वच्छ, न्यायपूर्ण र समन्यायिक हुनुपर्छ । समग्र प्रशासनलाई न्यूनतम नैतिक, मूल्य र मान्यतामा राख्नुपर्छ । यसका लागि राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवैले सार्थक पहल थाल्नुपर्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# जारी निर्वाचनले सच्याउँला मोदीको 'तानाशाही यात्रा' ?

✍ दिव्येस गिरि/सरोज गौतम

भारतमा अहिले निर्वाचनको मौसम छ । कुल सात चरणमा हुने निर्वाचनको दुई चरण सकिइसकेको छ । जम्माजम्मी गरी ४७ दिनमा सम्पन्न हुने निर्वाचनमा १ अर्ब जनसंख्या हाराहारी भारतीयहरूले भाग लिनेछन् । संसारको सबैभन्दा ठूलो लोकतन्त्र मानिने भारतमा ४०० भन्दा धेरै भाषा बोलिन्छ । विभिन्न समुदाय, धर्म, संस्कृति र परम्परा भएको भारत आफैंमा एउटा उपमहाद्वीप सरह छ । उत्तर र दक्षिणको भाषिक भिन्नता मात्र नभएर, एकै हिन्दु धर्ममा पनि फरक फरक विश्वास र परम्परा रहेका छन् ।

त्यस्तै मुस्लिम, जैन, फारसी, बौद्ध, क्रिश्चियनदेखि यहुदीसम्म बसोबास गरिरहेकोले भारत एक ठूलो विविधता बोकेको देश हो । भौगोलिक विविधता त यसै पनि हुने नै भयो । विश्वको सबैभन्दा धेरै जनसंख्या भएको संसारको पाँचौं ठूलो अर्थतन्त्र तथा इतिहासमा विभाजनको घाउ बोकेर पनि आर्थिक विकास र लोकतान्त्रिक मूल्यमान्यतामा अडिग देश भनेर विश्वभर भार तलाई मानिने गरिएको छ ।

अहिले बहुध्रुवीय विश्वमा आर्थिक तथा जनसंख्याको हिसाबले शक्तिशाली आफ्नै लामो इतिहास भएको मुलुकको रूपमा पाउने विशेषाधिकार भारतले पाएको छ । सन् २०१४ मा पहिलो पटक प्रधानमन्त्री निर्वाचित भएपछि नरेन्द्र मोदीले सन् २०१९ कार्यकाल दोहोऱ्याए । उनले यो चुनावपछि पनि प्रधानमन्त्री बन्ने खुलेर बताइसकेका छन् । तेस्रो पटकको प्रधानमन्त्रीको रूपमा उभ्याएका मोदीले यसपटक ४०० पारको नारा दिएका छन् । उत्तरपूर्वी दिल्लीका इन्डिया गठबन्धनका उम्मेदवार कन्हैया कुमारको शब्दमा इतिहासमै पहिलो पटक सबै मुद्दा र एजेन्डालाई नम्बरमा खुम्च्याइएको छ जसले गर्दा सही हिसाबले आवश्यकता र एजेन्डामा छलफल हुनुको सट्टा हिन्दु मुस्लिम या अन्य मुद्दामा विषयान्तर गरि एको छ र 'डाइभर्ट एन्ड रुल' मा भाजपाको सत्ता शासन टिकेको छ ।

आर्थिक मन्दी जस्तै प्रजातन्त्र या लोकतन्त्रमा मन्दी लाग्छ या लाग्दैन होला ? अथवा लोकतन्त्रमा लागेको मन्दीले उक्त देशको अन्य विकासमा कस्तो भूमिका खेल्छ होला ? भारतीय लोकतन्त्रप्रति गरिएका सर्भेहरूले भारत विस्तारै लोकतन्त्रबाट निर्वाचित तानाशाहको बाटोमा पुग्ने चिन्ता धेरैले गर्छन् । अहिले पनि विभिन्न समयमा भएका सर्भेहरूलाई आधार मान्ने हो भने भारतमा सच्चा लोकतन्त्र बाँकी नरहेको र यो लोकतन्त्र र तानाशाही शासनको 'ग्रे जोन' तिरको यात्रामा रहेको देखाउँछ ।

यसरी हेर्दा भारत न त पूर्ण लोकतन्त्र हो न त पूर्ण निरङ्कुशता नै । यो नयाँ प्रकृतिको 'हाइब्रिड' शासन बनेको छ । सन् २०२१ मा फ्रिडम हाउसले भारतको रेटिङलाई स्वतन्त्रताबाट आंशिक स्वतन्त्रताको देशमा वर्गीकृत गरेको थियो । विश्वको सबैभन्दा धेरै जनसंख्या भएको भारतको चुनावको कौतूहलता दक्षिण एशियामा मात्र नभई संसारभर हुनु एकदमै स्वाभाविक हो । पछिल्लो समय देखिएका विभिन्न खाले युद्धमा पश्चिमा देशभन्दा फरक कित्तामा उभिएको भारतले ग्लोबल अर्डरमा पनि धेरै ठूलो अर्थ राख्ने भएकोले उसको चुनावलाई न्यूयोर्कदेखि मस्को, बेइजिङदेखि ब्रासिलासम्म चर्चामा रहनु स्वाभाविक हो ।

**प्रतिस्पर्धामा गठबन्धन, केही दल बाहिरै**

भारतीय लोकसभामा एकतर्फ मोदी नेतृत्वको पार्टी एनडीए गठबन्धनबाट चुनाव लड्दैछ भने अर्कोतर्फ कङ्ग्रेस नेतृत्वको इन्डिया अलाएन्स बनाएर चुनाव लडिरहेको छ । इन्डिया गठबन्धनमा कङ्ग्रेस सहित केही क्षेत्रीय शक्ति छन् । उत्तरप्रदेशको समाजवादी पार्टी, पश्चिम बङ्गालको तृणमूल कङ्ग्रेस, दक्षिणी राज्य तामिलनाडुको डीएमके, महाराष्ट्रको उद्धव ठाकरे नेतृत्वको शिव सेना र एनसीपीको एउटा समूह गठबन्धनमा छ । यसरी हेर्दा भाजपा भन्दा धेरै प्रभावकारी दलहरू इन्डिया गठबन्धनमै छन् तर भारतीय स्वतन्त्रता सङ्ग्रामको इतिहास बोकेको ग्राण्ड वर्ल्ड पार्टी कङ्ग्रेस सबैभन्दा कमजोर स्थितिमा रहेको छ । भारतीय राजनीतिमा चुनाव अगाडिको गठबन्धन स्वाभाविक र स्थिर छ । बिहारका नितिश कुमार सहित केही दलहरूलाई छोड्ने हो भने त्यहाँ दलहरू आफ्नो न्यूनतम राजनीतिक मर्यादाको आधारमा गठबन्धनमा सामेल हुन्छन् र त्यो एक हिसाबले दीर्घकालीन जस्तै छ ।

भारतमा एनडीए र इन्डिया गठबन्धन बीच अहिलेको मुख्य प्रतिस्पर्धा हुँदैछ । एनडीए मोदी नेतृत्वको भाजपा समर्थित दलहरूको गठबन्धन हो भने 'इन्डिया' पुरानो युपीए गठबन्धनको परिमार्जित रूप हो । सन् २०१४ र २०१९ को चुनावमा एनडीए गठबन्धनले भारी मतले चुनाव जितेको थियो । उक्त गठबन्धनमा मुख्यत: भाजपा नै प्रमुख शक्ति हो भने अन्य केही क्षेत्रीय दलहरू छन् । जस्तो कि बिहारमा नितिश कुमारको पार्टी, आन्ध्रप्रदेशमा टीडीपी लगायत, महाराष्ट्रमा शिव सेना । यसपटक सत्ता राजनीतिको चक्करले महाराष्ट्रको शिव सेना विभाजित भएर एउटा इन्डिया जाँदा अर्को एनडीए गठबन्धनमै रह्यो ।

उता कङ्ग्रेस नेतृत्वको गठबन्धनमा दक्षिण भारतीय राज्य तामिलनाडु केन्द्रित डीएमके, लालु यादवको पार्टी आरजेडी, पश्चिम बङ्गालको सत्तारुढ पार्टी ममता बनर्जीको तृणमूल कङ्ग्रेस, पञ्जाब र दिल्लीमा राज्य सरकार चलाइरहेको आम आदमी पार्टी लगायत दलहरू छन् । ती बाहेक पनि आन्ध्रप्रदेश, उडिसा प्रदेश र उत्तर प्रदेशको मायावतीको बहुजन समाजवादी पार्टी लगायत कुनै पनि गठबन्धनमा नलागेका दलहरू छन् । यी मध्ये धेरै ठाउँमा कंग्रेस र बीजेपीको सिधा प्रतिस्पर्धा छ भने केही राज्यहरूमा भाजपा या एनडीएनको इन्डिया गठबन्धनका क्षेत्रीय शक्तिबीच चुनावी प्रतिस्पर्धा छ ।

राजस्थान, मध्यप्रदेश, छत्तीसगढ, गुजरात लगायत राज्यहरूमा कङ्ग्रेस र बीजेपीको सिधा प्रतिस्पर्धा छ भने पश्चिम बंगाल, बिहार लगायत राज्यमा बीजेपीको मुख्य प्रतिस्पर्धा क्षेत्रीय पार्टीसँग रहेको छ । यो हिसाबले हेर्दा एनडीए गठबन्धनमा भाजपा मुख्य दल छ भने इन्डिया गठबन्धनमा कङ्ग्रेस केही कमजोर देखिन्छ । अन्य क्षेत्रीय दलहरू एनडीए गठबन्धनका क्षेत्रीय दलहरू भन्दा प्रभावशाली रहेका छन् ।

**400 पार नाराको अन्तर्य**

यो पटक भारतमा मोदीले आफ्नो गठबन्धनले ४०० को आँकडा पार गर्ने भाष्य स्थापित गरेका छन् । कतिपय भाजपाका नेताहरूले ४०० पार गऱ्यो भने संविधान संशोधन गर्नेसम्मको योजना बताइरहेका छन् । भाजपाको मूल सङ्गठन राष्ट्रिय स्वयंसेवक सै सुरुदेखि यो संविधानमा भएको धर्मनिरपेक्षताको खिलाफमा भएको सङ्गठन हो । त्यति मात्र नभएर भाजपा अहिले ओविसी, एससी र एसटीको नाममा हुने संरक्षणलाई हटाउन चाहन्छ । त्यसको लागि उसलाई माथिल्लो र तल्लो सदन दुवैमा दुई तिहाइ मत चाहिन्छ । यदि २०२४ को लोकसभाको चुनावमा ४०० सिट हासिल गऱ्यो भने यसको असरस्वरूप राज्यसभाको समीकरणमा उसलाई सहज हुनेछ । यसले भारत भाजपा र आरएसएसको आर्किटेक्टमा संवैधानिक रूपले बदल्न सहज हुनेछ ।

आरएसएसले भारतलाई हिन्दु राष्ट्र मान्दछ । भारतीय संविधानको मूल मर्म नै कुनै पनि पन्थ निरपेक्ष राज्य हो । एनडीए गठबन्धनले ४०० पार गर्न कति सहज छ र कति चुनौतीपूर्ण भन्ने हेर्नको निम्ति भारतका विभिन्न राज्यमा छरिएको लोकसभाको सिट र त्यसमा दलहरूको प्रभावलाई मूल्याङ्कन गर्नुपर्छ । त्यसको लागि अघिल्लो दुई निर्वाचनमा मोदीको दल तथा गठबन्धनले पाएको सिट संख्या लगायत र उक्त राज्यमा बदलिएको राजनीति लगायत विषयलाई चर्चा गर्नुपर्छ ।

५४३ जम्मा लोकसभा मध्ये ४०० संख्या कटाउने नारा लिएर एनडीए गठबन्धन चुनावमा भाग लिइरहेको छ । तर यो विपक्षी कमजोर छ भन्ने सन्देश दिने रणनीतिक भाष्य मात्रै हो । अघिल्लो पटक ३५२ को हाराहारी ल्याएको एनडीए गठबन्धनले यो पटक ४०० पार गर्न अघिल्लो पटक क्लिन स्विप गरेर अन्य थप राज्यबाट नयाँ सिट थप्नुपर्ने हुन्छ । त्यो भनेको भारतको दक्षिणी राज्यबाट एनडीएलाई सिट थपिनुपर्ने हुन्छ । हरियाणा, दिल्ली, राजस्थान, हिमाञ्चल, उत्तराखण्ड, गुजरात, अरुणाञ्चल, त्रिपुरा लगायत राज्यमा क्लिन स्विप गरेको भाजपाले बिहारमा ४० मा ३९, मध्यप्रदेश, उत्तरप्रदेशमा ९५ प्रतिशत भन्दा धेरै सिट जितेको थियो ।

धेरै निर्वाचन क्षेत्र रहेका हिन्दी भाषी क्षेत्रमा यो तहको जित उत्तरप्रदेश बाहेक अन्य ठाउँमा देखिएको छैन । मध्यप्रदेश र छत्तीसगढ बाहेक अन्य ठाउँमा क्लिन स्विप गर्ने सम्भावना छैन । दिल्ली, हरियाणा, हिमाञ्चल, राजस्थान लगायत क्षेत्रमा अघिल्लो पटक जति सिट ल्यायो त्यो कायम गर्न मुस्किल छ । दक्षिण भारतीय राज्यमध्ये कर्नाटकमा यसअघि बीजेपीले २८ मध्ये करिब २६ सिट जितेको छ । त्यो जित अहिले कायम गर्ने सम्भावना अत्यन्त न्यून छ ।

यो सबै दृश्यलाई हेर्दा भाजपा र यस नेतृत्वको एनडीए ४०० वरपर पुग्ने कुनै सम्भावना देखिँदैन । यदि यस बीचमा कुनै अर्को अघिल्लो पटक जस्तो पुल वामा र बाला कोट आक्रमण नगर्ने हो भने अधिकांश राज्यमा स्थानीय मुद्दाहरूमा राजनीतिक चर्चा हुनेछ । यसको लक्षण विभिन्न सर्भेले देखाइरहेका छन् ।

अहिले भारतको सबैभन्दा ठूलो समस्या नै बेरोजगारी हो भनेर यदि स्थानीय बहस हुन थाल्यो र त्यसले नै निर्वाचनमा प्रभाव गर्न थाल्यो भने त्यसले भाजपालाई ४०० पार त परको कुरा हो, २०१९ कै संख्या टिकाउन पनि गाह्रो पर्नेछ । तर यसको अर्थ भाजपालाई विपक्षीले हराउँछन् भन्ने बलियो अवस्था देखिँदैन ।

**राज्य स्रोतको नाङ्गो दोहन र अस्वस्थ प्रतिस्पर्धा**

लोकतन्त्रमा ४ खम्बा हुन् भने पनि सच्चा लोकतन्त्रमा ५ खम्बा एकअर्काको प्रभावमा नपरी काम गर्छन् भन्ने मान्यता छ । ती ५ खम्बामध्ये व्यवस्थापिका, कार्यपालिका, न्यायालय, प्रेस र राज्यको जाँच आयोग । यस्तै परिकल्पना सहित भारतले भ्रष्टाचार या आर्थिक अपराधमा सामेल हुनेलाई ईडी या इनकम ट्याक्स जस्ता केही शक्तिशाली निकाय बनाएको थियो ।

मोदी राजमा यी ५ खम्बामध्ये केही हदसम्म न्यायपालिका बाहेक अन्य सबै मोदीको चर्को सेपमा परेका छन् । भारतीय मूलप्रवाहका मिडियाको विश्वसनीयता यति धेरै खस्किसक्यो कि ती गोदी मिडियाको नामले चर्चित छन् । त्यस्तै इनकम ट्याक्स र ईडी दुई डिपार्टमेन्ट भारतीय राज्यका बलियो संस्था भन्दा धेरै बीजेपीको लागि चन्दा उठाउने र विपक्षीलाई थुनामा हाल्ने निकायको रूपमा परिचित हुन थालेका छन् । सन् २०१५ पछि ईडी र इनकम ट्याक्सले अर्बौंको मुद्दामा समातेका धेरै नेताहरू अहिले भाजपामा सामेल भएपछि त्यसबाट मुक्ति पाएका छन् । केही समय अगाडि मोदीले ल्याएको इलेक्ट्रोरल बोन्डलाई सर्वोच्च अदालतले असंवैधानिक करार गरेपछि आएका डेटाहरू हेर्ने हो भने त्यसका सरकारी जाँच आयोगहरू बीजेपीको हप्ता उठाउने निकायको भूमिकामा दुरुपयोग भएको छ ।

*(साभार: अनलाइनखबर)*

# कस्तो छ विश्वकप खेल्ने नेपालको टोली ?

काठमाडौं/नेपालले अर्को महिना अमेरिका र वेष्टइण्डिजमा हुने आईसीसी टी-२० विश्वकप खेल्ने १५ सदस्यीय टोली घोषणा गरेको छ । स्पिनर सागर ढकाल, तीव्र गतिका बलर कमलसिंह ऐरी र विकेटकिपर अनिलकुमार साह अन्तिम १५ मा स्थान बनाउन सफल भए । अन्य १२ खेलाडी नेपालको विश्वकप टोलीमा पर्ने यसअघि नै लगभग पक्का थियो ।



सन् २०१४ पछि विश्वकप खेल्न लागेको नेपालले ब्याटिङ र बलिङ दुबैमा ध्यान दिएको छ । नेपालको टोलीमा पाँच प्रमुख ब्याटर कुशल भुर्तेल, आसिफ शेख, अनिल शाह, रोहित पौडेल र सन्दीप जोरा छन् ।

तीन प्रमुख अलराउन्डरमा कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी र गुलशन झा छन् । दुई बलिङ अलराउण्डरमा करण केसी र सोमपाल कामी तथा पाँच बलरमा कमलसिंह ऐरी, सागर ढकाल, ललित राजवंशी, प्रतिश जिसी र अभिनाश बोहरा छन् ।

१५ मध्ये ललित, अभिनाश र सागरबाहेक अन्य १२ खेलाडीले ब्याटिङबाट खेल जिताउन सक्छन् । नेपालको बलिङमा पनि १२ खेलाडीको विकल्प छ । सन्दीप जोरा, आसिफ शेख र अनिल साह बाहेक अन्य सबैले नियमित बलिङ गर्दै आएका छन् ।

कुशल भुर्तेल लेग स्पिन र रोहित पौडेल अफ स्पिन बलिङ गर्दै आएका छन् । विपक्षी टोलीमा बायाँ हाते ब्याटर बढी हुँदा रोहित आफैं बलिङमा आउने गर्छन् । कुशल मल्ल र दीपेन्द्रसिंह ऐरीले प्रमुख स्पिनरको भूमिका निर्वाह गर्ने गर्छन् ।

दीपेन्द्रले पावर प्ले, मध्यक्रम र डेथ ओभर जुनसुकै बेला पनि राम्रो गर्न सक्छन् । नेपालको प्लेइङ-११ मा बलिङमा कम्तीमा ७ विकल्प हुनेछ । तीव्र गतिका बलरमा सोमपाल कामी, करण केसी, अभिनाश बोहरा, प्रतिश जि.सी, गुल्शन झा र कमलसिंह ऐरी छन् ।

नेपालको पहिलो रोजाइको प्लेइङ-११ मा तीव्र गतिमा सोमपाल, करण र अभिनाश हुनेछन् । सोमपाल र करण नयाँ बलका साथ बलिङ गर्नेछन् । अभिनाश डेथ ओभर स्पेलिष्ट हुनेछन् । गुल्शन भने अलराउन्डरको रुपमा नियमित खेल्नेछन् ।

यदि यी तीनमध्ये एकले राम्रो प्रदर्शन गर्न नसक्दा कमल पहिलो रोजाइमा हुनेछन् । कमल पावर प्ले र डेथ ओभर दुबैमा राम्रो गर्न सक्छन् ।

कमलबाहेक अन्य पाँच बलरको स्थान पक्का थियो । कमल र आकाश चन्दबीच टोलीमा पर्न प्रतिस्पर्धा थियो । कमल वेष्टइण्डिज ए सँग पाँच खेलको सिरिजमा पहिलेको १६ सदस्यीय टोलीमा थिएनन् । तर आलोचनापछि क्यानले चार खेलाडी थप्दा कमलले मौका पाएका थिए ।

कमलले पहिलो खेलमा वेष्टइण्डिजविरुद्ध ३ ओभर र तेस्रो खेलमा ४ ओभरमा समान ५३ रन खर्चेका थिए । पहिलो खेलमा जोनसन चार्ल्सलाई शून्यमा बोल्ड गर्नु उनको लागि महत्वपूर्ण थियो ।

सन् २०१२ र २०१६ को टी-२० विश्वकप जित्दाका वेष्टइण्डिज टिमका सदस्य जोनसनले तेस्रो खेलमा नेपालविरुद्ध ६१ बलमा १३ चौका र ७ छक्कासहित ११९ रन बनाएका थिए ।

तेस्रो खेलमा कमलले ३ ओभरमा ४४ रन खर्चेका थिए । अन्तिम ओभरमा किमो पलले पहिलो बलमै छक्का हानेपछि ३.१ ओभरमा ५० रन खर्चिन पुगे । तर त्यसपछिका पाँच बलमा मात्रै ३ रन दिएका थिए ।

कमलले यो कन्फिडेन्स र पुनरागमनले टोलीको मन जितेका हुन् । अर्कोतर्फ कमल तल्लोक्रममा राम्रो ब्याटिङको खुबी राख्छन् । तीव्र गतिका बलरमा नेपालसँग कमल र आकाश चन्द विकल्पमा थिए । कमल अनुभवी हुँदा टोलीले रोजेको हो ।

नेपालले टी-२० विश्वकपमा दक्षिण अफ्रिका र बंगलादेशसँग वेष्टइण्डिजमा खेल्नेछ । नेपालसँगको तेस्रो टी-२० खेलपछि वेष्टइण्डिजका ब्याटर आन्द्रे फ्लेचरले नेपालको स्पिन आक्रामण राम्रो हुँदा क्यारेबियन पिचमा सहयोग मिल्ने बताएका थिए ।

त्यसैले नेपालले एक अतिरिक्त स्पिनर लैजाने निर्णय लियो । त्यसैले ब्याटिङ अलराण्डर आरिफ शेख र विवेक यादवलाई छाडेर नेपालले सागरलाई टोलीमा समेटेको हो । नेपालले ललित राजवंशी र सागर ढकाललाई प्रमुख स्पिनरको रुपमा टोलीमा राखेको छ । सागरले वेष्टइण्डिजविरुद्ध तेस्रो खेलमा ४ ओभरमा ४१ रन खर्चेर १ विकेट लिए ।

आन्द्रे फ्लेचरलाई दीपेन्द्रसिंह ऐरीबाट लङअनमा क्याच गराउँदै उक्त विकेट लिएका थिए । जोनसन चार्ल्ससँगको दोस्रो विकेटको १४५ रनको साझेदारी तोडेका थिए ।

सागरले दोस्रो खेलमा वेष्टइण्डिज एसँग ४ ओभरमा १९ रन खर्चेर २ विकेट लिएका थिए । त्यसमा एकै ओभरमा जोनसन र एलिक एथानाजेलाई आउट गरेपछि प्रशिक्षक र कप्तान उनीबाट प्रभावित भएका थिए । त्यसैले लगातार खराब प्रदर्शन गर्दै आएका विवेक यादवको स्थान सागरले लिएका हुन् ।

अनिल टोलीमा पर्न लोकेश बम र विनोद भण्डारीसँग प्रतिस्पर्धा गर्नुपर्ने थियो । वेष्ट इण्डिज ए सँगको तेस्रो खेलमा यी तीन खेलाडीलाई नै नेपालले मौका दिएको थियो ।

तीन खेलमै मौका पाएका अनिल वेष्टइण्डिज ए सँग पहिलो खेलमा ५, दोस्रोमा १ र तेस्रोमा १४ रनमा आउट भएका थिए । तेस्रो खेलमा दुई छक्का प्रहार गर्नु उनलाई अतिरिक्त फाइदा भयो ।

विनोद टोलीमा नपर्ने लगभग पक्का थियो । टिममा पर्न बुधबार भएको तेस्रो खेलमा अद्भूत प्रदर्शन गर्नुपर्थ्यो । तर १५ बलमा ४ चौकासहित १९ रन बनाउँदै आउट भए । लोकेश बम दोस्रो खेलमा १६ बलमा १ चौका र २ छक्कासहित १७ तथा तेस्रो खेलमा २९ बलमा १ चौका र २ छक्कासहित २८ रनमा आउट भए । पछिल्लो समय निरन्तर टोलीमा राखेको हुँदा नेपाली टिमले अनिललाई साथ लियो ।

कमलबाहेक अन्य १५ खेलाडी पछिल्लो डेढ वर्षदेखि नेपाली टोलीमा लगभग सँगसँगै खेल्दै आएका छन् । एक दुई खेलाडी मात्रै थपघट हुँदै आएका थिए । एकै टोलीले लगातार खेल्दा एक अर्काको खेलबारे जानकारी हुन्छ । तर कहिलेकाहीँ एउटै टोली लगातार खेल्दा विपक्षीलाई फाइदा उठाउन पनि सहज हुनसक्छ ।

नेपालको टोली : रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, अनिल कुमार शाह, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, ललित राजवंशी, करण केसी, गुल्शन झा, सोमपाल कामी, प्रतिश जिसी, सन्दीप जोरा, अभिनाश बोहरा, सागर ढकाल र कमलसिंह ऐरी ।

**टी-२० विश्वकपमा नेपालको समूह डी मा खेल तालिका**

४ जुन : नेपालविरुद्ध नेदरल्यान्ड्स
१२ जुन : नेपालविरुद्ध श्रीलंका
१५ जुन : नेपालविरुद्ध दक्षिण अफ्रिका
१७ जुन : नेपालविरुद्ध बंगलादेश

**विश्वकपमा समूह विभाजन**

समूह ए : क्यानडा, भारत, आयरल्याण्ड, पाकिस्तान र अमेरिका
समूह बी : अष्ट्रेलिया, इंग्लयाण्ड, नामिबिया, ओमान, स्कटल्यान्ड
समूह सी : अफगानिस्तान, न्युजिल्याण्ड, पपुवा न्युगिनी, युगाण्डा र वेष्टइण्डिज
समूह डी : नेपाल, बंगलादेश, नेदरल्याण्ड्स, दक्षिण अफ्रिका र श्रीलंका ।

*(स्रोत: अनलाइनखबर)*

# बुधबार पनि आक्रामक 'बोक्सीको घर', बन्यो 'हिट'



काठमाडौं/नेपालीमा एउटा चर्चित उखान छ, 'नपत्याउने खोलाले पनि बगाउँछ ।' यतिबेला फिल्म 'बोक्सीको घर'को व्यापारले यो उखानलाई चरितार्थ गरिदिएको छ । न सिक्वेल फिल्म न ठूलो स्टारकास्ट । न प्रचारमा धुमधडका । रिलिजपूर्व जे-जति चर्चा थियो, त्यो 'बुझिनँ मैले' गीतका कारण थियो । तर, फिल्म प्रदर्शनमा आएपछि जुन रुपमा व्यापार भइरहेको छ, त्यसले धेरैलाई आश्चर्यमा पारेको छ ।

फिल्मले 'ओपनिङ' नै अनपेक्षित गऱ्यो । शनिबारको व्यापारमा झनै ठूलो उछाल देखियो । आइतबारबाट कामकाजी दिन सुरु हुँदा व्यापारमा केही गिरावट आए पनि कमजोर भने थिएन । बुधबार (आज) मजदुर दिवसमा फिल्मले एकपटक फेरि हलमा दर्शकको मेला लगाएको छ । फिल्मले बिहानैदेखि देशभर उत्साहजनक दर्शक पाएको छ । कति हलमा टिकट समेत अभाव देखिएको छ ।

चार दिन अर्थात् शुक्रबारदेखि सोमबारसम्ममा ३ करोड २४ लाख कमाएको फिल्मले बुधबार मात्र डेढ करोड हाराहारी कमाई गर्ने आँकलन गरिएको छ । प्रदर्शनको दुई दिनमा नै लगानी सुरक्षित गरेको फिल्म एक हप्ता पनि नवित्दै यस वर्षको 'हिट' बनेको छ । हलमा विशेषगरी महिला दर्शकको उपस्थिति बढी देखिन्छ । 'बुझिनँ मैले' गीतले पनि फिल्मप्रति दर्शकको आकर्षण बढाएको छ ।

यसबीच, बुधबार फिल्मको नयाँ गीत 'जिन्दगी' रिलिज गरिएको छ । फिल्मका निर्देशक तथा लेखक सुलक्षण भारतीको शब्द रचना रहेको गीतमा निहारिका र स्वीरितिको गायन छ भने मोनिसा निरौलाको संगीत छ । यो गीतले बाल कलाकार सुपला सापकोटाको मनोविज्ञान र मनोभावलाई दर्शाएको छ । फिल्ममा सुपलसँगै केकी अधिकारी, स्वेच्छा राउत, रमा थपलिया आदिको अभिनय छ ।

# 'विच्छेद'ले भारतमा जित्यो अवार्ड




काठमाडौं/सत्यराज चौलागाईको निर्देशनमा बनेको फिल्म 'विच्छेद'ले भारतमा अवार्ड जितेको छ । गत शनिबार मुम्बईको अँधेरीस्थित वेद कुनबा थिएटरमा आयोजना भएको '१४ औं दादासाहेब फाल्के चित्रनगरी'मा फिल्मले सर्वोत्कृष्ट फिचर फिल्मको अवार्ड जितेको हो ।

फिल्मकी निर्मात्री सावित्री बज्राचार्यले अवार्ड ग्रहण गरेकी थिइन् । भारतीय फिल्मका पिता भनेर चिनिने दादासाहेब (धुन्डिराज गोविन्द फाल्के)को नामबाट यो अवार्ड प्रदान गरिन्छ ।

यही बैशाख पहिलो साता रामेछाप जिल्लामा आयोजना भएको 'नेपाल ग्रामीण चलचित्र महोत्सव'मा पनि 'विच्छेद'ले दुईवटा विधामा अवार्ड जितेको थियो ।

संकल्प भुजेल उत्कृष्ट छायाँकार घोषित भएका थिए भने फिल्मलाई जुरी मेन्सन अवार्ड प्रदान गरिएको थियो । त्यसअघि सौराहा दक्षिण एसियाली फिल्म फेस्टिभलमा पनि फिल्मले छायांकन र लेखन विधामा दुईवटा अवार्ड जितेको थियो ।

सिम्पल एन्ड मिडिया र रेड आई फिल्म्सको संयुक्त प्रस्तुति रहेको फिल्ममा मुकुन भुसाल र लक्ष्मी बर्देवाको प्रमुख भूमिका छ भने हिउँवाला गौतम, लय सङ्गौला, प्रिया रिजाल, सुष्मा निरौला, जीवन थापा, सरिता राजोपाध्याय, लक्ष्मीनाथ तिमिल्सिना, जयराम सापकोटा लगायतले पनि अभिनय गरेका छन् । फिल्मलाई यस वर्ष प्रदर्शन गर्ने तयारीमा निर्माण टिम रहेको छ ।

# २९ औं पटक सगरमाथा आरोहण गर्दै कामिरिता

काठमाडौं/सगरमाथाको २८ पटक आरोहण गरी विश्व कीर्तिमान बनाएका कामिरिता शेर्पा आफ्नै कीर्तिमानी तोड्ने तरखरमा छन् । गत वर्ष सगरमाथा चुचुरोमा २८औं पटक पाइला टेकेका उनी यस वर्ष २९औं पटक आरोहणको तयारीमा छन् । सगरमाथा आरोहणका लागि कामिरिता आधार शिविर पुगिसकेका छन् ।




वसन्त यामको सगरमाथा आरोहणका लागि एकसाताअघि काठमाडौंबाट लुक्ला, नाम्चे हुँदै सगरमाथा आधार शिविर पुगेका कामिरिताले भने, 'यो वर्ष २९औं पटक सगरमाथा आरोहणमा जान लागेको हुँ । यति, उति पटक आरोहण गर्छु भन्ने कुनै योजना छैन चुचुरोतिर जाउँ कति सकिन्छ ।'

करिब २८ जनाको आरोही समूहसँगै सगरमाथाको चुचुरोतिर लाग्ने तरखरमा रहेको कामिरिताले जानकारी दिए । सेभेन समिट ट्रेक्स प्रालिमार्फत उनी आरोहणका लागि शिखरतर्फ जाने तयारीमा छन् ।

सेभेन समिट ट्रेक्सका अध्यक्ष अध्यक्ष मिङमा शेर्पाले आफ्नो कम्पनीमार्फत कामिरिता २९औं आरोहणका लागि आधार शिविर पुगेको बताए । अहिले आधार शिविरमा रहेका कामिरितासहित आरोहीहरु सगरमाथा आरोहण गर्ने उपयुक्त समयको प्रतीक्षामा छन् ।

सेभेन समिटमार्फत ८० आरोही सगरमाथा आरोहणका लागि गएका छन् । खासगरी कामिरिताले आरोहीको पथप्रदर्शकका रुपमा सगरमाथा आरोहण गर्दै आएका छन् । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका थामेमा जन्मिएका ५४ वर्षीय कामिरिताले यसवर्ष सफल आरोहण गरेमा आफ्नै कीर्तिमान तोडिनेछ । सगरमाथा आरोहणको ७१ वर्षे इतिहासमा कामिरिता सर्वाधिक आरोहण गर्ने कीर्तिमानी आरोही हुन् । गत वर्ष सोलुखुम्बुकै पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेका थिए ।

'सगरमाथा आरोहणका लागि जाँदैछु, मेरो अरू उद्देश्य छैन', कामिरिताले भने, 'हिमाल आरोहणको पेसालाई निरन्तरता मात्र दिएको हुँ, म कीर्तिमानीका लागि सगरमाथा गएको हैन ।'

मौसमले साथ दिएमा यो वर्ष उल्लेख्य संख्यामा आरोहीले सगरमाथा चुचुरोमा पाइला टेक्ने कामिरिताको विश्वास छ । उनले भने, 'अघिल्लो आरोहणमा बढी चिसो भएको थियो, त्यसैले आरोहणमा केही असहजता थियो, आशा गरौं यो पटक मौसमले साथ दिनेछ ।'

सगरमाथा आरोहणमा जाँदा खुम्बु आइसफल निकै जोखिमपूर्ण भएकाले विशेष सतर्कता अपनाउन आरोहीलाई उनको सुझाव छ । सगरमाथा आरोहणमा हुनसक्ने विकृति रोक्न आरोहीको निगरानी र व्यवस्थापनमा सरकारी निकायले विशेष ध्यान दिन जरुरी भएको उनको भनाइ छ । सगरमाथासहितका हिमाल नेपालको गौरव पनि हो । पर्वतारोहण र पदयात्राका लागि उल्लेख्य संख्यामा विदेशी नागरिक नेपाल आउँछन् ।

कीर्तिमानी आरोही कामिरिताको बुझाइमा हिमालले देशलाई धेरै चिज दिएको छ । हिमाललाई दुहुना गाईका रुपमा मात्र प्रयोग नगरी संरक्षण र सरसफाइ गर्नुपर्ने उनको बुझाइ छ ।

**कामिरिताको आरोहण यात्रा**

कामिरिताले विसं २०७९ को वसन्त ऋतुमा दुईपटक सगरमाथा आरोहण गरेका थिए । सन् २०२३ को मे १७ मा कामिरिताले २७औं पटक सगरमाथा आरोहण गरेका थिए । त्यसको केही दिनपछि नै उनी दोस्रो पटक सगरमाथाको चुचुरोमा पुगेका थिए । कामिरिताले सन् २०२२ को वसन्त आरोहणमा डोरी टाँग्ने क्रममा २६औं पटक सगरमाथाको आरोहण गरेका थिए । उनले सबैभन्दा धेरै पटक सगरमाथा आरोहणसँगै आठपटक चोयु, तीनपटक मनास्लु, एकपटक ल्होत्से, एकपटक केटु आरोहण गरी ४० पटक विश्वका अग्ला हिमालको आरोहण गरिसकेका छन् ।

सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरो टेकेका कामिरिताका नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी पटक आरोहण गरेको कीर्तिमान पनि छ ।

**कीर्तिमान जोगाउन चुनौती**

अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेपछि कामिरिताको कीर्तिमानी खोसिने हो कि भन्ने चुनौती थपिएको थियो । पासाङ दावाले आरोहणलाई निरन्तरता दिएमा कीर्तिमान तोडिने भएकाले जोगाउने चुनौती थपिएको हो । वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न उत्साहजनक रुपमा आरोही आइरहेका छन् । पर्यटन विभागका अनुसार वैशाख १७ गतेसम्म ३७ आरोही समूहका ७० महिला र ३२० पुरुष गरी कूल ३९० आरोहीले आरोहण अनुमति लिएका छन् । सगरमाथा आरोहणबाट मात्रै ५५ करोड ८५ लाख ४४ हजार चार सय ४९ रोयल्टी सङ्कलन भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कर्णालीमा रित पुऱ्याउन मात्र महिला मन्त्री

सुर्खेत/गत २ चैतमा वीरेन्द्रनगरमा आयोजित 'नीति निर्माणमा युवा सहभागिता' विषयक छलफलमा सहभागी एक विद्यार्थीले प्रदेश सभा सदस्य मिलन खड्कालाई प्रश्न गरे, 'तपाईंसँग कर्णालीको मुख्यमन्त्री बन्ने ल्याकत छ ?'

वक्ताको रूपमा सहभागी सांसद खड्काले जवाफ दिँदै भनिन्, 'ल्याकत त देश हाँक्ने छ । तर के गर्नु, हामीलाई प्रत्यक्षतर्फ टिकट नै पाउन मुस्किल छ । टिकट पाइहाले अन्तर्घात गरेर हराइन्छ । सांसद बनिहाले पनि मन्त्रिपरिषद्‍रुमा छिर्न पार्टीभित्रै अर्को सैर्ष गर्नुपर्छ ।'

महिला नेतृत्व गर्न सबल र सक्षम भए पनि पार्टीले नै अवसर नदिएपछि हुटहुटी हुँदैमा मात्रै केही नहुने खड्काले बताइन् । विगतमा आफ्नो दल नेकपा माओवादी केन्द्रले उठाएको महिला सहभागिता र समावेशिताको मुद्दा संविधानमा समेटिए पनि मन्त्रिपरिषद्‍हरू समावेशी हुन नसकेको उनको भनाइ छ ।

कर्णालीमा यामलाल कँडेल नेतृत्वको प्रदेश सरकारमा माओवादी केन्द्रका चार जना मन्त्री छन्, तर सबै पुरुष । मन्त्री बन्ने चर्चामा रहेकी सांसद खड्कालाई रोकेर संसदीय दलका नेता राजकुमार शर्माले रुकुमपश्चिमका सांसद महेन्द्र केसीलाई अर्थ मन्त्रालयमा पठाए ।

मंगलबार मुख्यमन्त्री कँडेलले नियुक्त गरेका मन्त्रिपरिषद् सदस्यहरूको दिउँसो २ बजे प्रदेश प्रमुखको कार्यालयमा शपथ ग्रहण समारोह राखिएको थियो । प्रदेश प्रमुख कार्यालयको सभा हल उच्च पदस्थ कर्मचारी र नेताहरूले खचाखच भरिएको थियो ।

सभा हलको बायाँतर्फको पहिलो लहरमा नवनियुक्त मन्त्रीहरू लस्करै थिए । प्रदेश प्रमुख तिलक परियारले शपथ गराउँदा एमालेका विनोदकुमार शाह बाहेक तीन जना मन्त्रीहरूले पद तथा गोपनीयताको शपथ लिए । तर त्यो लहरमा महिला थिएनन् ।

मन्त्रीहरू भन्दा पछिल्लो लहरमा थिइन् एमाले सांसद गमता विक । मुख्यमन्त्री कँडेलले गमतालाई भौतिक पूर्वाधार राज्यमन्त्री बनाएका थिए । ८ सदस्यीय मन्त्रिपरिषद्‍रुमा उनी एक मात्र महिला हुन्, तर उनी मन्त्रिपरिषद् बैठकमा सहभागी हुन पाउने क्याबिनेट मन्त्री होइनन्, राज्यमन्त्री मात्र हुन् । अरू मन्त्रीहरूले प्रदेश प्रमुखसँग शपथ लिंदा उनलाई मुख्यमन्त्री कँडेलले शपथ गराए ।

शपथ लगत्तै उनका शुभचिन्तकहरूले खादा माला लगाइदिँदै बधाई दिइरहेका थिए । तर उनको अनुहार मलिन थियो । आन्तरिक मामिला तथा कानुन मन्त्रालय आफैंसँग राखेका कँडेलले महिला सहभागिता शून्य हुने देखिएपछि गमतालाई मन्त्रिपरिषद्‍मा सहभागी त गराए, तर राज्यमन्त्रीको हैसियतमा मात्र ।

कँडेल निकट एक नेता भन्छन्, 'गमता कमरेडलाई दलित र महिला प्रतिनिधित्वका लागि ल्याइएको हो । अहिले नै फुल मन्त्रालय जिम्मा लगाइहाल्ने स्थिति छैन ।' गमताले काम सिक्दै गएपछि मन्त्री नै बनाउन सकिने ती नेता बताउँछन् । एमालेकै नेता विनोदकुमार शाहले रोजेको मन्त्रालय नपाएको भन्दै शपथ बहिष्कार गर्दा महिला नेताले भने मन्त्री बन्ने अवसर पाउनै सकस छ ।

२७ पुस २०७९ मा मुख्यमन्त्री नियुक्त भएका माओवादी नेता राजकुमार शर्माले ११ माघमा चार मन्त्री नियुक्त गर्दै प्रदेश मन्त्रिपरिषद्‍लाई पूर्णता दिए । त्यतिबेलासम्म ७ सदस्यीय मन्त्रिपरिषद्‍रुमा दलित र महिला सहभागिता शून्य थियो ।

मन्त्रीहरूले प्रदेश प्रमुखसमक्ष शपथ लिइसकेको करिब ४५ मिनेटपछि मुख्यमन्त्री शर्माले मन्त्रिपरिषद्‍लाई समावेशी बनाउने भन्दै माओवादी प्रदेशसभा सदस्य उर्मिला बिकलाई भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत राज्यमन्त्रीमा नियुक्त गरे । उर्मिलाका अनुसार उनलाई पार्टीका नेताहरूले मन्त्री नै बनाउने आश्वासन दिएका थिए । अन्तिममा राज्यमन्त्री प्रस्ताव गरेपछि सुरुमा त उनले शपथ नलिने अडानमा बसिन् । 'प्रदेश अध्यक्ष कमरेड, उपमहासचिव कमरेड लगायतले फोन गर्न थालेपछि गएर शपथ लिएँ', उनले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'मनसरा'लाई उच्च शोज, कस्तो होला ओपनिङ ?



काठमाडौं/यस वर्षको सुरुवात नै नेपाली फिल्मका लागि उत्साहजनक देखिएको छ । नयाँ वर्षमा आएको फिल्म 'डिग्री माइला'ले पहिलो साता राम्रो कमाई गऱ्यो । गत हप्तादेखि प्रदर्शन भएको 'बोक्सीको घर'ले पनि आक्रामक व्यापार गरिरहेको छ । अब धेरैको अपेक्षा यही शुक्रबारदेखि प्रदर्शन हुन लागेको 'मनसरा'प्रति छ । 'जारी' समूहको फिल्म भएकाले आक्रामक व्यापार गर्ने प्रक्षेपण गरिएको छ ।

'स्टारकास्ट' र ट्रेलरले बढाएको हाइपलाई मध्यनजर गर्दै फिल्मलाई मल्टीप्लेक्सहरुले ठूलो मात्रामा शोज दिएका छन् । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले आफ्नो १४ वटा हलमा ६९ शोज (काठमाडौंमा २८ र मोफसलमा ४१ शोज) बाँडेको छ । बुकिङ राम्रो रहेको अवस्थामा शोज थप बढ्न सक्नेछ । वान सिनेमाजले दुईटा आउटलेटमा १२ शोज र बिग मुभिजले ६ शोज दिएको छ ।

देशकै दोस्रो ठूलो मल्टीप्लेक्स चेन आईएनआई सहितका अन्य प्रमुख मल्टीप्लेक्सहरुमा भने बुकिङ खुल्ला भैसकेको छैन । बुधबार बेलुकासम्म देशभरका सम्पूर्ण हलमा फिल्मको बुकिङ खुल्ने जनाइएको छ । फिल्मले पहिलो दिन देशभर करिब साढे २ सय शोज पाउने देखिन्छ । अब उपलब्ध शोजमा दर्शक भर्नुपर्ने चुनौती 'मनसरा'लाई छ । यसका लागि 'वर्ड अफ माउथ' महत्त्वपूर्ण रहनेछ ।

उपेन्द्र सुब्बाको लेखन तथा निर्देशन रहेको फिल्ममा दयाहाङ राई, प्रविण खतिवडा, मिरुना मगर र मेनुका प्रधान मुख्य भूमिकामा छन् भने हेमन्त बुढाथोकी शान्ति गिरी, नेनहान राई लगायतको पनि अभिनय रहेको छ । फिल्मका निर्माता छायांकार शैलेन्द्र ध्वज कार्की हुन् । छायाँकार पनि उनी नै हुन् । यो फिल्मले अन्तरजातीय सम्बन्धको आयामलाई कथाको मुख्य विषयवस्तु बनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# स्वास्थ्य मन्त्रालयमा सचिवमाथि संघले पठायो अर्को सचिव

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयमा सचिवलाई लिएर विगत पाँच महिनादेखि किचलो भइरहेको छ । गत मंसिर २०८० बाटै स्वास्थ्य मन्त्रालयमा सचिव हेरफरको विषय चलिरहेको छ ।

सर्वोच्च अदालतबाट थमौती लिएर बसेका स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्कामाथि संघीय सरकारले अर्को सचिव डा. प्रविन श्रेष्ठलाई पठाउने निर्णय गरेको छ । अदालतबाट थमौती भएपछि खड्का सचिवको जिम्मेवारीमा रहेर काम गर्दै आएका छन् । गत बिहीबार बसेको संघीय मन्त्रिपरिषद् बैठकले डा. श्रेष्ठलाई बागमती प्रदेशको स्वास्थ्य सचिवमा नियुक्त गर्ने निर्णय गरेको छ ।

काठमाडौंस्थित विर अस्पतालमा प्रमुख कन्सल्टेन्ट सर्जनको रुपमा कार्यरत् श्रेष्ठ यसअघि दुई पटक हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट (मेसु) थिए । उनले हेटौंडा अस्पताल सुधारमा उल्लेख्य भूमिका खेलेका थिए । निवर्तमान मन्त्री उत्तम जोशी र सचिव खड्काबीचको मनमुटावले उत्पन्न सरुवाको लफडा सर्वोच्च






अदालतसम्म पुगेको थियो । मन्त्रालय स्रोतकाअनुसार स्वास्थ्य उपकरण खरिदमा चलखेल देखिएको भन्दै सचिव खड्काले कर्मचारीलाई स्पष्टीकरण सोधेपछि मन्त्री जोशीसँग मनमुटाव बढेको थियो ।

१२ मंसिर ०८० मा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले खड्कालाई सचिवको जिम्मेवारीबाट हटाउने निर्णय गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा तानेको थियो । उनलाई विभागीयमन्त्रीसँग समन्वयमा काम नगरेकोलगायतका कारण देखाएर सरुवा गरिएको थियो ।

सरुवा गर्ने मन्त्रिपरिषद्को निर्णयविरुद्ध खड्का १९ मंसिरमा सर्वोच्च अदालत गएका थिए । सरकारले १० औँ तहका दीपक तिवारीलाई निमित्त सचिवको जिम्मेवारी दिएको थियो । २० मंसिरमा मन्त्रिपरिषद् बैठकले तिवारीसहित अन्य चार जना स्वास्थ्यकर्मीलाई ११ औँ तहमा बढुवा गरेको थियो ।

बढुवा हुनेमा तिवारी सहित डा बसन्त अधिकारी, डा.अर्जुनप्रसाद सापकोटा, डा. नरेन्द्रकुमार झा थिए । बढुवासँगै तिवारीलाई मन्त्रिपरिषद् बैठकबाट स्वास्थ्य मन्त्रालय सचिवको जिम्मेवारी दिइएको थियो । २८ मंसिरमा सर्वोच्चका न्यायाधीश हरि फुयालको एकल इजलासले खड्कालाई जिम्मेवारीबाट हटाउने निर्णयमाथि कारण देखाउ आदेश जारी गर्दै निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो । अदालतको अन्तरिम आदेशपछि खड्काको ठाउँमा आएका सचिव तिवारी स्वास्थ्य निर्देशनालय हेटौंडाको निर्देशक भएर गएका थिए ।

सचिव खड्कासँग सम्पर्क गर्न खोज्दा उनको फोन उठेन् । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. खगेश्वर गेलालले सचिव खड्काले यसअघि नै अदालतको 'स्टे अर्डर' लिएर बसेको बताए । 'पहिल्यै उहाँले स्टे अर्डर लिनु भएको थियो । अन्तरिम आदेशपछि अदालतबाट पूर्ण आदेश भएको जानकारी छैन्,' गेलाले भने । संघीय सरकारले पठाएका सचिव श्रेष्ठ सम्बन्धी कुनै कागजात वा जानकारी मन्त्रालयमा नआएको उनको भनाई छ । श्रेष्ठले पनि मन्त्रालयमा हालसम्म सम्पर्क नराखेको गेलाल बताउँछन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रशासन सचिव निश्चलराज पाण्डेले स्वास्थ्य मन्त्रालयमा दुई जना सचिव हुने भएपछि अन्यौलता देखिएको बताए । 'एक जना अदालतबाट थमौती लिएर बस्नु भएको छ । अर्को सचिव संघीय सरकारले पठाएको छ । अब के गर्ने भनेर अन्यौलता भएको छ । तर अदालतको स्टे अर्डर भएकाले खड्काज्यू नै सचिवमा कायम हुनुहुन्छ,' पाण्डे भन्छन् । बागमती प्रदेशमा १५ जना सचिव रहेकोमा हालै आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव प्रकाश दाहालको सरुवा भएको पाण्डेले जानकारी दिए ।

मुख्यमन्त्री कार्यालयमा पाण्डेसहित हुमकला पाण्डे र कृष्णकुमार कार्की सचिव छन् । स्वास्थ्यमा श्रेष्ठसहित आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा थप एक जना सचिवको सरुवा भएको पाण्डेले जानकारी दिए । कानुन मन्त्रालयमा पूर्णबहादुर दर्जी सचिव छन् । उनी प्रदेशसभा सचिवालयका सचिवालय सचिवसमेत हुन् ।



मकवानपुरगढी गाउँपालिका वडा नम्बर २ पौवाडाँडामा बाँसको हस्तकला सामाग्री बनाउने एडभान्स सीप विकास तालिममा सहभागी महिला । यस तालिममा बाँसको फेन्सी सामग्रीहरु फोटो फ्रेम, कलम दानी, फुलदानी, ट्रे, फाइल बक्स, टि-म्याट, चुरा स्टैन्ड, मन्दिर, भित्ते घडी लगायतका सामग्री बनाउन सिकाइएको गाउँपालिकाले जनाएको छ । गत आर्थिक वर्षमा बाँसको हस्तकला सामग्री बनाउने आधारभुत तालिम संचालन गरिएको गाउँपालिकाले उल्लेख गरेको छ । तालिम पश्चात माग भए बमोजिम बाँसको डस्टविन, तरकारी राख्ने क्रेट, टि-टेबल, जुता चप्पल राख्ने र्याकलगायतका सामग्री बनाई बिक्री गरिरहेको जनाइएको छ । *तस्बिर: साझाकुरा ।*

# हेटौंडा एकेडेमीमा 'होलिडे स्पेशल' कक्षा

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ हेटौंडा उपमहानगरपालिका-११, स्थित हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयमा 'होलिडे स्पेशल' कक्षा बुधवारबाट सुरु भएको छ ।

विद्यालयले पढाइसँगसँगै अतिरिक्त क्रियाकलापमार्फत् विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि योग, जुम्बा, संगीत, नृत्य, कराते, वाद्यवादन र विभिन्न विधाका खेलकुद कार्यक्रमहरु सुरु गरेको छ । नेपाल सरकारले अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा दिइएको सार्वजनिक बिदाबाट सुरु गरेको क्रियाकलापहरु हरेक सार्वजनिक बिदामा विद्यालयले आफ्नो रजत जयन्तीको अवसरमा तयार पारेको आफ्नै खेलकुद मैदानमा खेलकुद गतिविधि सञ्चालन गरिने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीले जानकारी



दिए । विद्यालयको छात्रावासमा रही अध्ययन गर्ने विद्यार्थीलाई बढी प्राथमिकता दिई र इच्छुक विद्यार्थीलाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरेको सुमार्गीले बताए । खेलकुद विधा अन्तर्गत् फुटबल, क्रिकेट, भलिबल, ब्याडमिन्टन, टेनिसलगायतका खेलकुदहरु सञ्चालन हुने र स्वास्थ्य तथा शारीरिक शिक्षा अन्तर्गत्को योग र ध्यानलाई समेत मध्यनजर गर्दै विद्यार्थीहरुको शारीरिक तथा मानसिक वृत्ति विकासमा सहयोग पुग्ने विद्यालय व्यवस्थापन समितिका सदस्य अंकिता सुमार्गीले जानकारी दिइन् ।

यसै शैक्षिक सत्रमा विभिन्न अतिरिक्त क्रियाकलापमार्फत् विद्यार्थीहरुमा रहेको अन्तरनिर्हित प्रतिभा प्रस्फोटन गरिनुका साथै अध्ययन अध्यापन कार्यलाई पनि विशेष जोडका साथ अगाडि बढाइने उनले बताइन् ।

# अधिकार प्राप्तिका लागि श्रमिक वर्गको अविस्मरणीय योगदान: प्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले आज मनाइँदै गरिएको १३५ औं अन्तराष्ट्रिय श्रमिक दिवसको शुभकामना व्यक्त गरेका छन् ।

प्रमुख शर्माले शुभकामना सन्देश जारी गर्दै मजदुरहरुले शोषण, दमन र उत्पीडनबाट राहत पाएको दिनको सम्झना गरिरहँदा श्रमको उचित सम्मान र सम्पूर्ण श्रमजीवीहरुको स्थापित अधिकार पूर्ण कार्यान्वयन गर्न यस दिवसले सबैलाई प्रेरित गरोस् भनेका छन् ।

नेपालमा पनि २००७ साल यता यो दिवस मनाउन थालिएको उल्लेख गर्दै प्रमुख शर्माले हकअधिकार प्राप्तिका लागि नेपाली जनताले गरेको कठोर संघर्षमा नेपालका श्रमिक वर्गको अविस्मणीय योगदान रहेको बताए । 'हामी ति अमूल्य योगदानको कदर तथा अविचलित संघर्षप्रति गौरव गर्दछौं ।,'



प्रमुखले भनेका छन, 'अझै पनि समय, ठाउँ र श्रमको समुचित परिभाषा नभएको, कानुनी प्रावधान बमोजिम सेवा-सुविधा नपुगेको र सामाजिक सुरक्षाको उचित व्यवस्था हुन नसकेको गुनासाहरु सुनिने गरेको छ ।,'

यसका लागि राज्यले समुचित प्रबन्ध गरी गुनासाहरुको सम्बोधन गर्नु अत्यावश्यक भएको प्रमुख शर्माको भनाई छ । प्रमुख शर्माले आधुनिकता, विकास र समृद्धिको रचनाकार आम श्रमजीवी भएको बताए । समयको लामो अन्तरालसम्म तिनै मजदुरहरु अधिकारविहीन, शोषित एवं उत्पीडित रहेको भन्दै उनले आजभन्दा १३४ वर्ष अघि आजैका दिन अर्थात् मे १ तारिखमा विश्वभरका मजदुरहरुले अनवरत संघर्ष र बलिदान पश्चात् आफ्नो अधिकार स्थापित गरेको उल्लेख गरे ।

# सिस्नुपानी मकवानपुरद्वारा दुईजना स्रष्टा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १९ वैशाख/ स्थापना दिवसको अवसर पारेर सिस्नुपानी नेपाल मकवानपुरले बुधबार हेटौंडामा दुईजना स्रष्टालाई सम्मान गरेको छ ।

सिस्नुपानीले दाङका उत्तमकृष्ण मजगैया र र मोरङका अनिल पौडेललाई सम्मान गरेको हो । सिस्नुपानी नेपाल मकवानपुरका पूर्वअध्यक्ष डा.गणेशकुमार पौडेलको स्मृतिमा स्थापना गरिएको नगद राशी २५ हजारको हास्यव्यंग्य साहित्य सम्मान २०८० बाट मजगैयालाई सम्मान गरिएको हो ।

बुढ्यौली साहित्य समाजका अध्यक्ष आरसी रिजालले स्थापना गरेको १५ हजार नगद राशकिो हास्यव्यंग्य सम्मान २०८० मोरङका अनिल पौडेललाई प्रदान गरिएको छ । पुरस्कृत एवं सम्मानित व्यक्तित्वहरुलाई सिस्नुपानी नेपालका केन्द्रीय अध्यक्ष लक्ष्मण गाम्नागे लगाएतका अतिथिहरुले नगदसहित सम्मानपत्र प्रदान गरेका थिए ।

संस्थाका अध्यक्ष राजकुमार लामिछानेको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा उपमहानगर पालिका वडा नम्बर ४ का अध्यक्ष नवीन सिग्देल, नेपाल लेखक संघका केन्द्रीय अध्यक्ष हयग्रिव आचार्य, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल लगाएतको उपस्थिति रहेको थियो ।

# पशुपतिमा विद्युतीय शवदाह साउन १ देखि नि:शुल्क



काठमाडौं/पशुपति आर्यघाटस्थित विद्युत शवदाह आगामी साउन १ गतेदेखि नि:शुल्क हुने भएको छ ।

पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. मिलनकुमार थापाले बुधबार कार्यभार ग्रहण गर्दै नागरिकले आफ्ना आफन्त गुमाउँदा आर्थिक अभावले पिरोलिनु नपरोस् भन्ने उद्देश्यले विद्यतीय शवदाह नि:शुल्क गर्ने निर्णय गरेका हुन् ।

डा. थापाले सेतो सत्तल गुह्वेश्वरीमा बृहत अन्तर्राष्ट्रिय पुस्तकालय निर्माण गर्ने निर्णय पनि गरेका छन् । 'धार्मिक एवं सांस्कतिक अध्ययन अनुसन्धानका लागि अन्तराष्ट्रियस्तरको पुस्तकालय निर्माण गर्ने निर्णय गरिएको हो । सेतो सत्तल गुह्वेश्वरीमा पुस्तकालय निर्माण गरिनेछ । दुवै निर्णय औपचारिक रुपमा कोष सञ्चालक परिषद्को बैठकमा प्रस्ताव गरी कार्यान्वयन गर्ने तयारी छ,' उनले भने ।

अहिले विद्युतीय शवदाहका लागि ४ हजार ५०० शुल्क लाग्छ । पशुपति मन्दिरको गर्भगृहमा जलहरी राख्ने सन्दर्भमा परेको मुद्दामा सदस्य सचिव डा. थापासहित तीन जनालाई विशेष अदालतले बुधबार सफाइ दिएको थियो ।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीशद्वय टेकनारायण कुँवर र मुरारीबाबु श्रेष्ठको इजलासले डा. मिलनकुमार थापासहित डा. प्रदीप ढकाल, बिसेट नाइके अरुणकुमार श्रेष्ठलाई सफाइ दिएको हो ।

अख्तियार दुरुपयोग अनुन्धान आयोगले २०८० असोज १४ गते उनीहरूविरुद्ध मुद्धा दायर गरेको थियो ।

# भक्तपुरमा इनार खन्ने क्रममा २ जनाको मृत्यु

भक्तपुर/चाँगुनारायण नगरपालिका-४ खनालचोक सेतोमाइक्रो पार्क नजिकै इनार खन्ने क्रममा निसासिएर दुई जनाको मृत्यु भएको छ । रामेछाप उमाकुण्ड गाउँपालिका-४ घर भएका २८ वर्षीय सन्देश सुनुवार र ४६ वर्षीय दीपक सुनुवारको बुधबार मृत्यु भएको प्रहरीले जनाएको छ ।



जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख राजन कार्कीले इनार खन्ने क्रममा अन्दाजी ५५ फिट तल पुग्दा अचेत अवस्थामा रहेको जानकारी पाएलगत्तै प्रहरी पुगेको बताए । घटनाको सम्बन्धमा थप अनुसन्धान कार्य भइरहेको र शव परीक्षणका लागि भक्तपुर अस्पतालमा राखिएको उनले जानकारी दिए ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश,नेपाल

**सार्वजनिक सूचना !**

*(सूचना प्रकाशित मिति : २०८१।१।२०)*

हेटौंडा उपमहानगरपालिका २ नं वडा कार्यालयबाट गत आ.व. मा कम्पोष्ट बिन वितरण गरिएकोमा उक्त बिन प्रयोगकर्ताहरुको लागि तालिम कार्यक्रमको आयोजना गर्न लागिएकोले ईच्छुक महानुभावहरुले यस सूचना प्रकाशन भएको मितिले ५ दिन भित्र हेटौंडा उपमहानगर पालिका वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखा वा २ नं वडा कार्यालयमा सम्पर्क गर्न हुन सम्बन्धित सबैको जानकारीकी लागि यो सूचना प्रकाशित गरिएको छ । वडाबाट यस अघि तालिम लिइसकेको हरुलाई यस तालिममा समावेश गरिने छैन । निवेदन बुझाउने पहिलो ७० जनालाई मात्र समावेश गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख**

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**





**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना